मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

अनुमति बेगर तेजाब वा अन्य घातक रसायनिक पदार्थको उत्पादन, निकासी, पैठारी वा बिक्री–वितरण गर्नु दण्डनीय अपराध हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

◆ वर्ष : २७ ◆ अङ्क : ८७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ माघ २९ गते शनिवार (Saturday, February 12. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/– भारतमा भारु : ४/–

# विपन्नको सारथि बन्दै गाउँपालिका



**झापा, माघ २८।** परिवारको भविष्य उज्ज्वल बनाउने सपना सजाएर धन कमाउन भारत हिँडेका साविक चकचकी–४ निवासी दमन्तराज ताजपुरिया १० वर्षदेखि परिवारसँग सम्पर्कविहीन छन् ।

घरको मनग्ये आयश्रोतका नभएका कारण स–साना लालावालालाई श्रीमती रुपा राजवंशीको साथमा छाडेर दमन्तराज धन कमाउन भारत गएका थिए । भारत गएको यतिका समय बितिसक्दा समेत दमन्तराज परिवारको सम्पर्कमा नआएपछि श्रीमती रुपालाई श्रीमानको चिन्ताले दिनहुँ पिरोल्न थालेको छ । दुई छोरा मनिष र आर्यन सानै हुँदा भारत गएका श्रीमान् अहिलेसम्म घर नफर्किएपछिको पीडा सहँदै आएकी रुपालाई पछिल्लो समय अर्को पनि चिन्ता थपिएको छ– त्यो हो, छोराहरुको सुनिश्चित भविष्य ।

श्रीमानले छाडेर गएपछि निर्माण क्षेत्रमा काम गर्दै जसोतसो दुई छोराको हेरचाह गर्दै आएकी रुपालाई छोरा बढेसँगै चिन्ता थपिँदै गएको हो ।

आफू पनि शारीरिक रुपमा कमजोर बन्दै जानु र दिनदिनै काम गर्न नसक्ने भएपछि पछिल्लो समय उनी चटपटे बिक्री गरेर घरको गर्जो टार्दै आएकी छिन् । साथमा श्रीमान् नहुनु अनि परिवार चलाउन नै धौ–धौ भएपछि बाह्रदशी गाउँपालिकाले उनलाई अहिले एकथान ठेला प्रदान गरेको छ ।

सामान्य व्यापार गर्न समेत ठेला अभावमा दुःखले चटपटे बिक्री गर्दै आएकी उनलाई गाउँपालिका उपाध्यक्ष रत्नाकुमारी राजवंशीले ठेला प्रदान गरेसँगै रुपाको मुहारमा खुशी छाएको छ । रुपालाई मात्र होइन विपन्न परिवारको पहिचान गर्दै उनीहरुलाई स्वावलम्बी बनाउन उपाध्यक्ष राजवंशीले बाह्रदशी गाउँपालिकाभित्रका १० परिवारलाई ठेला प्रदान गरेकी छिन् ।

हरेक विपन्न परिवारलाई सिपसंग जोडेर स्वावलम्बी बनाउन सकिने भन्दै उपाध्यक्ष राजवंशीले रुपासहित १० परिवारको आर्थिकस्थिति सुधारका लागि ठेला वितरण गरेकी हुन् । गाउँपालिकाले लक्षित परिवारलाई ठेला वितरण गर्ने भएपछि गाउँपालिकाभित्रका सातवटै वडाबाट विपन्न परिवारका एक/एक जना ठेला लिन आएका थिए । गाउँपालिका उपाध्यक्ष राजवंशीका हातबाट ठेला लिँदै रुपाले भनिन्– चटपटे बेच्न अब सजिलो हुने भयो । धेरै–धेरै धन्यवाद उपाध्यक्षज्यूलाई ।

गाउँपालिकाले प्रदान गरेको ठेला लिएपछि प्रफुल्लित हुँदै रुपाले भनिन्– गरिखान अब केही हदसम्म सहज हुनेभयो । नयाँ ठेला लिएर बजार जान सक्ने भएँ । गाउँपालिकाले उपलब्ध गराएको ठेला लिनेमध्ये रुपा मात्रै खुशी थिइनन्, उनीसँगै ठेला बुझ्दै गरेकी मञ्जु शर्मा पनि उत्तिकै खुशी देखिन्थिन् । चटपटे नै बेचेर पाँच जनाको परिवार पाल्दै आएकी शर्माले पनि ठेला पाएसँगै खुशी व्यक्त गर्दै भनिन्– अब एकै ठाउँमा बसेर चटपटे बेच्नुपर्दैन । बजार–बजार ठेला डुलाएर चटपटे बेच्न सक्छु । हिजोको भन्दा दुई पैसा बढी नै कमाउन सक्छु भन्ने आँट आयो ।

यता गाउँपालिका उपाध्यक्ष राजवंशीले यसअघि पनि विपन्न परिवारको पहिचान गर्दै सिपसहित सामग्री हस्तान्तरण गर्दै आएको र यसपटक पाँच लाख रुपैयाँ बजेटले थोरै भए पनि विपन्न परिवारको आर्थिकस्तर सुधारका लागि सहयोग पुऱ्याएको बताइन् । उनले बाह्रदशी गाउँपालिकाभित्र रहेका अतिविपन्न परिवारको पहिचान गर्दै घर निर्माणदेखि सिपमूलक काम सिकाएर आत्मनिर्भर गराउन विभिन्न खाले काम गर्दै आएको

*(बाँकी अन्तिम पृष्ठमा)*

## वडा कार्यालयको भवन शिलान्यास



**झापा, माघ २८।** बाह्रदशी गाउँपालिका–७को भवन निर्माण शुरु भएको छ ।

संघीय सरकारबाट प्राप्त बजेटले वडा कार्यालयको भवन निर्माण शुरु गरिएको हो । भवनको शिलान्यास गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशीले गरेका छन् । एक करोड १६ लाख रुपैयाँको लागत इस्टीमेटमा वडा कार्यालयको भवन निर्माण शुरु गरिएको वडाध्यक्ष मित्रप्रसाद भट्टराईले जानकारी दिए ।

वडाध्यक्ष भट्टराईका अनुसार भवन चालू आर्थिक वर्षभित्रै निर्माण सम्पन्न हुने र भवन दुई तले हुने छ । वडा कार्यालयले अहिले साविक डाँगीबारी गाविस–७को भवनबाट सेवा प्रदान गर्दै आएको छ ।

## मामा बनेर सुनको मुन्द्रा लुट्ने पक्राउ

**काठमाडौं, माघ २८।** मामा भनी ३ वर्षीय नाबालकको कानको सुनको मुन्द्रा लुटपाट गरेको तथा लुटेको मुन्द्रा किनेको अभियोगमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा मुन्द्रा लुट्ने काठमाडौं गोकर्णेश्वर नगरपालिका–४ गोकर्ण घर भएका ३८ वर्षीय नारायण श्रेष्ठ र लुटेको सुन किन्ने काठमाडौं गोकर्णेश्वर नगरपालिका–६स्थित न्यू लक्की सुन चाँदी पसल सञ्चालन गरी बस्ने मोरङ पथरी शनिश्चरे नगरपालिका–८ घर भएका ३० वर्षीय राजकुमार बराइली रहेका छन् ।

काठमाडौं महानगरपालिका–६ बौद्धबाट गत माघ ८ गते काठमाडौं महानगरपालिका–६ पाटिटारस्थितमा तरकारी पसल सञ्चालन गर्दै आएकी महिलाकी ३ वर्षीया नाबालक छोरालाई चक्लेट दिई आफूलाई मामा हुँ भनी फकाई फुल्याई कानमा लगाएको अन्दाजी २/२ आना गरी जम्मा ४ आना बराबरको सुनको मुन्द्रा लुटेको घटनामा संलग्न उनीहरुलाई प्रहरीले पक्राउ गरेको हो ।

उनीहरु उपर चोरी तथा डाँका सम्बन्धी कसूर अन्तर्गत काठमाडौं जिल्ला अदालतबाट पाँच दिन म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान भइरहेको छ ।

त्यस्तै आफूलाई प्रहरी हुँ भन्दै नगद र मोबाइल लुटपाट गरेको अभियोगमा काठमाडौं गोकर्णेश्वर नगरपालिका–३ सुन्ताखान घर भएका २७ वर्षीय सुजन मिश्रलाई प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं महानगरपालिका–६ कुशल ब्याङ्केट अगाडि दुईजना व्यक्तिहरु चिया पसलमा चिया खाइरहेको अवस्थामा आफूलाई प्रहरी बताउने २ जना व्यक्तिहरुले धाकधम्की दिई निजहरुलाई लागूऔषध कारोबारी भएको भनी बौद्धस्थित एक होटलको कोठामा लगेर नगद ६० हजार रुपैयाँ र २ थान मोबाइल लुटी लगेका भन्ने सूचना प्राप्त हुनासाथ महानगरीय प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले घटनामा संलग्न सुजनलाई पक्राउ गरेको हो ।

## राप्रपाबाट अलग भएपछि थापा प्रदेश १को भ्रमणमा

**झापा, माघ २८।** राष्ट्रिय प्रजातन्त्र पार्टीबाट अलग भएपछि नेता कमल थापा प्रदेश १को भ्रमणमा आएका छन् ।

नयाँ पार्टी दर्ता गर्ने तयारीमा रहेका उनले शुक्रबार मोरङ, सुनसरी र झापाका हिन्दूवादी अगुवाहरूसँग भेटघाट गरेका छन् । राप्रपाका प्रदेश अध्यक्ष राम थापाको छोराको बिहे मान्न थापा दमक आएका थिए । दमकको कस्मिक पार्टी प्यालेसमा विवाह भोज आयोजना गरिएको थियो ।

विवाहमा राप्रपाका नेताहरु राजकुमार पोखरेल, अम्बर विष्ट, लक्ष्मी संग्रौला, कमल खरेल, नारायण राजवंशी, चेतनाथ थापा, भीम पौडेल, देवी दंगालगायतको सहभागिता रहेको थियो । त्यस्तै संविधानसभा सदस्य सुधिरकुमार शिवाकोटी, नेपाली कांग्रेसका जिल्ला सभापति देउमान थेबे, दमक नगर अध्यक्ष प्रकाश प्रसाईलगायतको सहभागिता रहेको थियो ।

राप्रपा छोडेर अर्को पार्टी खोल्न लागेका थापा विवाहको निम्तो मान्नुसँगै आफ्नो पक्षमा समर्थन जुटाउन झापा आएको श्रोतले जनाएको छ ।

झापामा राप्रपाको एउटा ठूलै समूह कमल थापासँगै अर्को पार्टीमा जाने भएको छ । राप्रपामा रहँदा थापा पक्षधर रहेका नेताहरु उनीसँगै अर्को पार्टीमा जाने भएका हुन् । जसको नेतृत्व राप्रपा प्रदेश नं १का अध्यक्ष राम थापाले गर्ने भएका छन् ।

प्रदेश १पछि थापाले अन्य प्रदेशको भ्रमण गर्नेछन् । राप्रपाका नेता कार्यकर्तासँगै सेवा निवृत्त सुरक्षाकर्मीदेखि राष्ट्रसेवकहरूलाई दर्ता गर्न लागेको पार्टीमा समाहित गर्ने उनको चाहना छ ।

महाराजगञ्जको एउटा होटलमा बिहीबार थापा समर्थित नेताहरू सम्मिलित बैठकले उनलाई नै पार्टी दर्ता प्रक्रियाको काम गर्ने जिम्मेवारी दिएको छ । जिम्मेवारी पाए लगत्तै थापा रायसुझावका लागि भन्दै प्रदेशस्तरमा समर्थितहरूसँगको भेटघाटमा निस्केका हुन् ।

मंगलबार थापाले राप्रपाबाट अगल भएको घोषणा गरेका थिए । उनको टकराव पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनभन्दा पनि पूर्वराजा ज्ञानेन्द्रसँग थियो । पूर्वराजाले हालै सम्पन्न पार्टी महाधिवेशनमा ठाडो हस्तक्षेप गर्दा पराजित हुनुपरेको थापाको गम्भीर आरोप छ । यससँगै संवैधानिक राजसंस्थाको एजेण्डाबाट थापा पछाडि हटेका छन् । तर, पूर्ववत् हिन्दूत्वको एजेण्डालाई भने अंगिकार गर्ने भएका छन् ।

## अर्जुनधारामा 'प्रोका' का योजनाहरु कार्यान्वयनमा

**अर्जुनधारा, माघ २८।** चालू आर्थिक वर्ष ०७८/०७९को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत अर्जुनधारा नगरपालिकामा सञ्चालन हुने योजनाहरु यही फागुन १ गतेदेखि शुरु हुने भएको छ ।

उक्त कार्यक्रमका लागि छनौट भएका बेरोजगारहरुलाई लक्षित गरी नगरपालिकाद्वारा शुक्रबार आयोजित अभिमुखीकरण कार्यक्रममा नगरपालिकाकी रोजगार संयोजक प्रतिज्ञा थापामगरले सो कुरा बताएकी हुन् । संयोजक मगरका अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पैनी मर्मत, साना बाँध तथा स्पर तारजाली मर्मत, खानेपानी पाइप बिस्तार, नाला निर्माण, प्लम्ब निर्माण, बगैंचा निर्माण, रंगरोगन, सरसफाई लगायतका योजनाहरु सञ्चालन हुने छन् ।

संयोजक मगरले कार्यक्रमको विषयवस्तु बारे सहजीकरण गरेको कार्यक्रममा सहभागीहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रमको परिचय, उद्देश्य, आयोजनाको प्रकार, क्षेत्र, कानूनमा भएका व्यवस्थाहरु, छनौट प्रक्रिया, पालना गर्नुपर्ने आचरण, रोजगार उपभोक्ता सम्बन्धी व्यवस्था र अनुगमनको विषयमा जानकारी गराइएको थियो ।

नगर प्रमुख हरिकुमार रानाको अध्यक्षतामा आयोजित कार्यक्रममा अर्जुनधारा जेसीजका अध्यक्ष भीमबहादुर कुँवरलगायतले मन्तव्य व्यक्त गरेका थिए । प्रमुख प्रशासकीय अधिकृत गीताकुमारी राईले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रमको सञ्चालन रोजगार संयोजक मगरले गरेकी थिइन् ।

चालु आर्थिक वर्षमा कार्यक्रममा सहभागिताका लागि दुई सय ८० जनाको निवेदन परेकोमा एक सय छ जना बेरोजगार छनौट भएका छन् । एक जना बेरोजगार बराबर पाँच सय ७७ रुपैयाँ ज्याला तोकिएको उक्त कार्यक्रमको लागि ६१ लाख ३१ हजार विनियोजन भएको बताइएको छ ।

## अनलाइनबाट मोबाइल मगाएर रिसिभ गरेपछि...

**काठमाडौं, माघ २८।** अनलाइनबाट मोबाइल फोन मगाएर रिसिभ गरे पश्चात अर्केको घर देखाई फरार भएका काठमाडौं महानगरपालिका–६ सरस्वती नगर बस्ने सोलुखुम्बू, खुम्बू पासाङ ल्हामु गाउँपालिका–५घर भएका १९ वर्षीय उर्गेन टाँसी शेर्पालाई प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं महानगरपालिका–७ चावहिलबाट शेर्पाले अनलाइनमार्फत २ थान आइफोन किन्ने भनी बौद्ध स्तुपा आसपास मोबाइल रिसिभ गर्छु भनी मोबाइल मगाएको र मोबाइल रिसिभ गरेपछि छेउ–छाउमा रहेको घर देखाई पैसा लिएर आउँछु भनी मोबाइल लिएर भागेको घटनामा संलग्न उनलाई महानगरीय प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनको साथबाट नगद १४ हजार रुपैयाँ र ३ थाना मोबाइल समेत प्रहरीले बरामद गरेको छ ।

उनी उपर चोरी तथा डाँका सम्वन्धी कसूर अन्तर्गत काठमाडौं जिल्ला अदालतबाट ७ दिन म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान भइरहेको छ ।

फ्ल्याट भाडामा

आवास तथा कार्यालयका लागि व्यवस्थित र सुरक्षित फ्ल्याट भाडामा रहेको छ ।
बिर्तामोड–१, बाल्मीकि स्कूल छेऊ
मोवाइल नं. ९८२४९४२२००

## कोभिडः तेस्रो लहर शिथिल, जोखिम कायमै

**काठमाडौं, माघ २८।** नेपालमा कोभिड–१९ को तेस्रो लहर ओरालो लागेको सङ्क्रामक विज्ञहरूले बताएका छन् ।

सङ्क्रमणदर र मृत्युदर घट्दो भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्कले पुष्टि गर्छ । सङ्क्रमणपछि स्वास्थ्यमा समस्या भएकाहरूको संख्या कम हुँदै गएको सङ्क्रामक रोग विज्ञ डा. जनक कोइरालाले बताए ।

डा. कोइरालाले भने– काठमाडौंभन्दा उपत्यका भन्दा बाहिर धेरै सङ्क्रमित देखिन्छन् । कुनै ठाउँमा घट्ने र कतै बढ्ने त भइरहन्छ । तर देशभरको सङ्क्रमण दर घट्नु सुखद हो । नयाँ भेरियन्ट नआउँदासम्मलाई यो लहर घटेकै मान्नुपर्छ । सङ्क्रमण दर घट्दो भए पनि सङ्क्रमणको जोखिम र त्यसले पार्ने असरहरू कायम रहने जनस्वास्थ्यविद्हरू बताउँछन् ।




### शुक्रवार सङ्क्रमण दर झन् घट्यो

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले शुक्रवार नेपालमा पछिल्लो २४ घण्टामा १,१२८ जनामा कोभिड–१९ सङ्क्रमण पुष्टि भएको जनाएको छ ।

उक्त अवधिमा २०,९८९ वटा नमूना परीक्षण गरिएका थिए । केही दिनदेखि निरन्तर ओरालो लागिरहेको सङ्क्रमण दर शुक्रवार ५.४ प्रतिशत रहेको छ । यो अवधिमा २,२१५ जना निको भएका छन् भने सक्रिय सङ्क्रमितहरूको संख्या २७ हजारभन्दा बढी छ । पछिल्लो २४ घण्टामा थप १४ जनाको कोभिड–१९ ले गर्दा निधन भएको छ ।

### अस्पताल भर्ना कम

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा सङ्क्रमणपछि भर्ना हुनेको संख्या न्यून रहेको अस्पतालका सूचना अधिकारी नवराज गौतमले जानकारी दिए ।

केही दिनयता अस्पतालमा दैनिक भर्ना हुनेको सङ्ख्या एकदेखि दुई जनामा सीमित रहेको उनले बताए । यस साताको सुरुवातदेखि नै सङ्क्रमित साथै बिरामीको संख्यामा कमी आएको छ– गौतमले भने । बिहीवारको तथ्याङ्कमा देशभरि ९९१ जना सङ्क्रमित अस्पतालमा उपचाररत् थिए । जुन सक्रिय सङ्क्रमितको चार प्रतिशतभन्दा कम हो ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा कोभिड–१९ सङ्क्रमित बिरामी संख्या १० रहेको छ जसमध्ये एक जना सघन उपचार कक्षमा छन् । तेस्रो लहर चलिरहँदा सर्वाधिक बिरामी भर्ना भएको दिन २२ जना भर्ना भएको गौतमले बताए ।

### ओमिक्रोनको लहर

नेपालमा तेस्रो लहरमा धेरै मानिसहरू ओमिक्रोन भेरियन्टबाट सङ्क्रमित भएका थिए । यसको डेल्टा भेरियन्टलाई ८८ प्रतिशत प्रतिस्थापन गरेको विज्ञहरू बताउँछन् ।

माघ २४ गते जीन सिक्वेन्सिङका लागि भारत पठाइएको ९५ वटा नमूनामध्ये सबैमा ओमिक्रोन पुष्टि भएको थियो । त्यसमध्ये ७८ वटामा ओमिक्रोनको बीए.टु पुष्टि भएको मन्त्रालयले

*(बाँकी अन्तिम पृष्ठमा)*

ठाकुर पोलिक्लिनिकमा काडमाडौंका बरिष्ठ डाक्टरहरुको सेवा

डा. रवीन्द्र सिमखडा
MD (Internal Medicine) DM (Cardiology)
बरिष्ठ मुटु रोग विशेषज्ञ
शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र काठमाडौंबाट यसपटक फागुन ७ गते शनिवार

डा. नेहा हुमागाँई मैनाली
MBBS (KU) MD (KU)
वरिष्ठ स्त्री रोग विशेषज्ञ
यसपटक फागुन १४ गते शनिवार

डा. रोमिला चिमरिया
MBBS, MD (PEDIATRICS)
बरिष्ठ बाल मुटुरोग विशेषज्ञ
नेपाल मेडिकल कलेज काठमाडौं
यसपटक फागुन १४ गते शनिवार

डा. विवेक रौनियार
MBBS, MD (NEURO Physician)
बरिष्ठ ढाड, टाउको तथा नशा रोग विशेषज्ञ यसपटक फागुन २१ गते शनिवार

सम्पर्कः पश्चिम बस स्टेण्ड, बिर्तामोड (झापा)
फोन नं. ०२३–५९०००८, ९८१७९६४७७१

# अविवाहित जोडीको गर्भपतन रोक्ने तयारी

**काठमाडौं, माघ २८।** चीनको परिवार नियोज संघले अविवाहित मानिस र वयस्कका कारण हुने भ्रुण हत्या नियन्त्रण गर्ने योजना ल्याएको छ।

अनिच्छुक र अप्रत्यासित गर्भाधारण रोकेर राष्ट्रिय उर्वरता र सार्वजनिक स्वास्थ्य रक्षा गर्ने उद्देश्यले सरकारले पछिल्लो कदम चालेको हो।

चिनियाँ सञ्चार माध्यम ग्लोबल टाइम्सका अनुसार पछिल्लो पहल अविवाहित जोडीबीच हुने असुरक्षित गर्भधारणलाई रोकथाम गर्ने परिवार नियोजन संघको लक्ष्यसँग मेल खान्छ। एकभन्दा बढीपटक गर्भपतन गर्दा बाझोपन हुने संघले बताउँदै आएको छ।

पछिल्लो कदम निश्चित समूहहरुको प्रजनन स्वास्थ्य सुधारतर्फ पनि लक्षित छ। यस योजनालाई जनवरीको मध्यतिर सार्वजनिक गरिएको थियो। योजनालाई लिएर चीनको सामाजिक सञ्जाल विवोमा बहस र विरोध बढेको थियो।

नरम उपाय मानिएको प्रजनन् स्वास्थ्य शिक्षाबाट पनि अनिच्छुक गर्भ र गर्भपतन न्यून गर्न सकिने केही विज्ञको भनाइ छ।

ग्लोबल टाइम्सका अनुसार चीनमा अनिर्णित गर्भपतनमा २० वर्षभन्दा कम उमेरका व्यक्ति बढी जिम्मेवार छन्। सरकारले ल्याएको पछिल्लो योजनामा चिनियाँ परिवारहरुलाई एक भन्दाबढी सन्तान जन्माउन आह्वान गरिएको छ।

चीन सरकारले दम्पत्तिलाई गत वर्षदेखि तीन सन्तानसम्म जन्माउन अनुमति दिएको थियो। जन्म दरमा कमी र बढ्दो बृद्ध जनसंख्याका कारण सरकारले दम्पत्तिलाई सन्तान जन्माउन उत्प्रेरणा दिँदै आएको छ।

# कांग्रेसले किराँत धर्मगुरु आत्मानन्दलाई अभिनन्दन गर्ने



**झापा माघ २८।** किराँत धर्मगुरु मुहिङ्गुम अङसीमङ लिङ्देन आत्मानन्द सेइङ तथा गुरुआमा मुहिङ्गुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देनलाई लारुम्बामा अभिनन्दन गरिने भएको छ।

नेपाली कांग्रेस जिल्ला कार्य समितिले इलामले आगामी फागुन ३ गते किराँत धर्म गुरुको क्षेत्र माङ्सेबुङको लारुम्बामा अभिनन्दन गर्न लागेको हो।

मुहिङ्गुम अङसीमाङ लिङ्देन आत्मानन्द सेइङ ६८औं नुमाङ्गेन्ना तथा मुहिङ्गुम अङसीमामाङ साँबा पवित्रहाङमा लिङ्देन ६६औं नुमाङ्गेन्नाको अवसरमा उक्त कार्यक्रमको आयोजना गरिएको कांग्रेस इलाम सभापति डम्बर खड्काले जानकारी दिए।

खड्काका अनुसार 'विश्वशान्ति तथा मानव एकता र सकल मानव प्राणी लगायत चराचर सृष्टि जगतकै रक्षार्थ'को लागि महान् अभियानमा मानव प्राणीमा उच्च चेतना जगाई समाज रूपान्तरणको कार्यमा किराँत धर्म, संस्कृति, भाषा, लिपी र साहित्यको प्रचार प्रसारमा पुऱ्याएको योगदानको उच्च कदर गर्दै कांग्रेस इलामले नागरिक अभिनन्दन गर्न लागिएको बताए।

खड्काका अनुसार किराँत धर्मको संरक्षण सम्बर्द्धन र प्रचारप्रसारमा सहयोग गर्ने बचनबद्धतासहित नेपाली कांग्रेस जिल्ला कार्यसमितिले इलामले यो कार्यक्रमको आयोजना गरेको बताएका छन्। अभिनन्दन समारोह सम्पन्न गर्न आवश्यक तयारी भइरहेको बताइएको छ।

खड्का सभापतिमा निर्वाचित भएपछि विभिन्न काम गर्ने क्रममा नागरिक अभिनन्दको कार्यक्रम आयोजना गरिएको हो। खड्काले सभापति बने लगत्तै १ करोड मूल्य पर्ने जग्गा पार्टी कार्यालय निर्माणका लागि दिने निर्णय गरेर चर्चा बटुलेका उनले छोटो समयमा नै ५ हजार बढीलाई नेपाली काँग्रेसमा प्रवेश गराए सबैका लोकप्रिय नेताका रूपमा स्थापित भएका छन्।

# 'लप्पन छप्पन २' फागुन १३मै




कोरोना महामारीका कारण दुई वर्ष हलहरु बन्द भएपछि वितरक र हलवालाहरुको संस्था नेपाल चलचित्र संघले नेपाली फिल्मको रिलिजलाई व्यवस्थित गर्न बैशाख १ गतेसम्म लागू हुने गरी एकै मितिमा दुई नेपाली फिल्म रिलिज नगर्ने निर्णय गरेको थियो। सबैभन्दा पहिला संघमा निवेदन दिएर प्रदर्शन मिति दर्ता गराउने फिल्मलाई मात्र प्रदर्शनको अनुमति दिइने संघको निर्णय थियो।

तर, चलचित्र संघले आफ्नै निर्णय उल्लंघन गर्दै पुस १९ गते संघमा निवेदन दिएर सबैभन्दा पहिला फागुन १३ गतेका लागि प्रदर्शन मिति दर्ता गराएको फिल्म 'लप्पन छप्पन २' लाई पाखा लगाउँदै अर्को फिल्म 'म यस्तो गीत गाउँछु २' लाई सो मितिमा प्रदर्शनको अनुमति दिएको छ। अब यो मितिमा 'म यस्तो गीत गाउँछु २' लाई मात्र प्रदर्शन गर्ने निर्णय चलचित्र संघले गरेको बताइएको छ।

संघको यो निर्णयप्रति 'लप्पन छप्पन २' टिमले भने आपत्ति जनाएको छ। फिल्मका निर्माता निर्मल कुमार मिश्रले चलचित्र संघले आफूहरुसँग छलफल र सल्लाह नगरी फागुन १३ मा अर्को फिल्मलाई प्रदर्शनको अनुमति दिनु न्यायोचित नभएको बताए। संघमा सबैभन्दा पहिला आफूहरुले प्रदर्शन मिति दर्ता गरेकाले यो मितिमा 'लप्पन छप्पन २' लाई प्रदर्शन गर्न दिनुपर्ने उनको माग छ। उनले भने- 'हामी फागुन १३ को मिति छाड्दैनौं। न्यायोचित तरिकाले संघले हामीलाई न्याय दिनुपर्छ। संघले दुवै पक्षलाई बसाएर प्रदर्शन मितिको बारेमा छलफल गर्नुपर्थ्यो। तर, संघले हामीसँग छलफलै गरेन। सबैभन्दा पहिला हामीले फिल्मको प्रदर्शन मिति दर्ता गरिसकेको अवस्थामा त्यही मितिमा संघले अर्को फिल्मलाई प्रदर्शनको अनुमति कसरी दिन सक्छ ? यो त अन्याय भएन र ?'

नेपाल चलचित्र संघमा सबैभन्दा अगाडि प्रदर्शन मिति दर्ता भएको फिल्मलाई प्रदर्शनको अनुमति दिनु पर्ने निर्माता मिश्र बताउँछन्। सबैभन्दा पहिला दर्ता भएको फिल्मलाई हटाएर अर्को फिल्मलाई बिना सल्लाह प्रदर्शन अनुमति दिने चलचित्र संघको निर्णय आपत्तिजनक रहेको बताउँदै उनले यो निर्णय आफूहरुलाई मान्ने नभएको बताए। उनी संघले यो विवाद मिलाउनेमा विश्वस्त छन्।

मुकुन्द भट्ट निर्देशित फिल्ममा शिव श्रेष्ठ, सौगात मल्ल, अनुपविक्रम शाही, अर्पण थापा, शक्ति श्रेष्ठ, प्रकाश कुँवर, स्व. दीपक क्षेत्री, एञ्जल श्रेष्ठ, अनिल खनाल, राजेन्द्र विष्ट, केरोलिन कोलिन्डा लगायतको अभिनय छ। कोरोना महामारीका कारण दुई वर्षदेखि अड्किएर बसेको 'लप्पन छप्पन २' ठूलो बजेटमा बनेको हो। फिल्मको गत वर्ष ट्रेलरदेखि गीतसम्म सार्वजनिक भएको थियो।

## कोभिड ...

बताएको थियो।

ओमिक्रोन भेरियन्टका कोरोनाभाइरसका अरू भेरियन्टभन्दा द्रुत गतिमा फैलने गरेको बताउने गरिन्छ। तेस्रो लहरमा ओमिक्रोन भाइरसको फरक प्रजातिहरू एकसाथ फैलियो। ठीकै भयो, नत्र नयाँ लहर देखिन सक्थ्यो- डा. कोइरालाले भने।

ओमिक्रोन प्रजातिको बिए वान उपप्रजाति सङ्क्रमितलाई बिए.टू सङ्क्रमण हुन्छ या हुँदैन भन्ने यकिन नभएको विज्ञहरू बताउँछन्। सङ्क्रामक रोग विज्ञ डा. शेरबहादुर पुन भने सबै सङ्क्रमित परीक्षणको दायरामा नपरेकाले तथ्याङ्कलाई अन्तिम मान्न नहुने तर्क राख्छन्।

यद्यपि सङ्क्रमणको तेस्रो लहर शिथिल बनेको उनको तर्क छ। सङ्क्रमण दर उत्कर्षमा पुगेर घट्दै गर्दा विद्यालय र सिनेमा घर साथै अन्य व्यापारिक क्षेत्रहरू खुल्न थालेका छन्।

**सतर्कता कायम राख्नुपर्छ**

डा. पुन धेरै मानिस सङ्क्रमित भइसकेकाले सङ्क्रमण नियन्त्रणका लागि लगाइएका प्रतिबन्धहरू खुला गर्नु सान्दर्भिक मान्छन्।

तर व्यवस्थापन र सावधानीको पाटोमा सतर्क चाहिँ रहनु पर्छ। विशेगषरी खोप नलगाएकाहरू, दीर्घरोगी र वृद्धवृद्धाले सावधानी अपनाउनु पर्छ- उनले भने। कम मानिसलाई सङ्क्रमण हुँदा आम मानिसले जनस्वास्थ्यका मापदण्ड पालना नगर्ने प्रवृत्तिबारे चिकित्सकहरूले चिन्ता व्यक्त गरे।

**फेरि कस्ता समस्या देखिन सक्छन् ?**

धेरै जनामा सङ्क्रमण भएकाले मानिसमा कोरोनाभाइरसको एन्टीबडी विकास भए पनि सावधानी नअपनाउँदा सङ्क्रमण घट्ने क्रम प्रभावित हुन सक्ने डा. कोइराला बताउँछन्।

एक ठाउँमा सङ्क्रमण घटे पनि मापदण्ड पालना नगर्दा अर्को नयाँ ठाउँमा सङ्क्रमणको जोखिम बढ्छ। त्यसैले समग्र देशको सङ्क्रमण दर घट्ने क्रममा बाधा पुऱ्याउँछ। यो पूर्ण रूपमा चाहिँ जाँदैन- उनले भने।

त्यस्तै नयाँ भेरियन्ट देखिन सक्ने सम्भावनातर्फ पनि विज्ञहरूले इङ्गित गरे। सङ्क्रमण धेरै फैलिएको ठाउँमा भाइरस उत्परिवर्तनको सम्भावना बढी हुने डा. कोइरालाको तर्क छ। नयाँ स्वरूपको भाइरसलाई शरीरको प्रतिरक्षा प्रणालीले पहिचान गर्न सक्दैन।

खोप लगाए पनि नयाँ भेरियन्टको सङ्क्रमणपछि प्रतिरोधात्मक क्षमता कमजोर हुन्छ। त्यसैले नियन्त्रण गरिएन भने भाइरसको उत्परिवर्तन र त्यसको असर झनै कडा बन्न सक्छ- उनले भने। कोरोनाभाइरसको सङ्क्रमण मानिसमा मात्र नभई जनावरमा पनि देखिएको छ। त्यसैले यस भाइरस इन्फ्लुएन्जा कुखुरा, सुँगुर र चरामा भएजस्तै विभिन्न जनावर वा मानिसमा रहन सक्ने डा. कोइराला बताउँछन्।

नयाँ भेरियन्टले कुनै समय ठूलो प्रकोप ल्याउन सक्ने सम्भावना रहन्छ। त्यसैले यसलाई जनस्वास्थ्य र विश्व स्वास्थ्य सङ्गठनले निरन्तर निगरानी गर्नु पर्छ। डा. पुन भने भाइरसको स्वरूप परिवर्तन भइराखे पनि सम्भावित उत्परिवर्तनहरू कडा नभई कमजोर बन्दै जाने अनुमान गर्छन्।

ओमिक्रोन नै कोरोनाभाइरसको अन्तिम स्वरूप हो भन्न सकिँदैन किनकि यसमा उत्परिवर्तन हुने क्षमता छ। तर यसका आगामी भेरियन्टले ज्यान नै लिने अवस्था नआउँला- उनले भने।

**खोपलाई निरन्तरता आवश्यक**

डा. पुन खोपको प्रभावकारिता र आवश्यकता माथि समेत जोड दिन्छन्। डा. जनक कोइरालाको पनि समान धारणा छ। उनले कोरोनाभाइरसविरुद्ध बनेका खोपको तीन मात्रा झनै प्रभावकारी हुने बताए। तर समय क्रममा नयाँ भेरियन्ट देखिएको अवस्थामा हालसम्म बनेका खोप कति उपयुक्त हुन्छन् भन्ने निश्चित नभएको उनले जिकिर गरे।

मानिसमा एन्टीबडी घटेर अपर्याप्त भएपछि फेरि खोप लगाउनु पर्ने हुनसक्छ। हरेक वर्ष वा नयाँ भेरियन्ट आएपछि मात्र लगाउन पर्ने पनि हुन सक्छ। उनका अनुसार खोपले प्राकृतिक सङ्क्रमणले भन्दा बढी प्रतिरोधात्मक क्षमताको विकास गर्छ। उनले यस लहरमा सङ्क्रमित भएकाहरूले सङ्क्रमणमुक्त भएको ३० दिन पछि खोप लगाउनु उचित हुने बताए। वीवीसी

## विपन्नको ...

बताइन्।

गर्भवती महिलादेखि, बालबालिका र वृद्धवृद्धाको हेरचाहको लागि समेत आफूले प्याकेजमा कार्यक्रम बनाएर काम गर्दै आएको उपाध्यक्ष राजवंशीको भनाइ छ। उनले आगामी दिनमा ज्येष्ठ नागरिकलाई पानी तताउने उपकरणसहित पोषणयुक्त खानेकुरा प्रदान गर्ने कार्यक्रम सञ्चालनको तयारी गरिरहेको बताएकी छिन्।

विपन्न नागरिकको जीवनयापनमा सुधार गर्न विभिन्न कार्यक्रम सञ्चालन गरेको बताउँदै उनले सबै महिलालाई आत्मनिर्भर, स्वावलम्वी बनाउन महिला लक्षित कार्यक्रम सञ्चालन गरेको र त्यसले धेरै महिलाको जीवनस्तर सुधार भएको बताइन्।


**Light Driver WANTED**

**Kids Zone Montessori School**
Gajurmukhi Tole, Birtamode -5, jhapa
No. 9804998590, 9823437454

## तु- चाहियो

भारतको मुंवाईस्थित एक वहुप्रतिष्ठित Reliance कम्पनीद्वारा सेक्यूरिटी गार्ड र 3 Star होटलको लागि वेटर माग भइ आएको छ। इच्छुकले तु-सम्पर्क गनुहोस्।
मो. ९८१५०२३१९९/९८२६९८७०७०

| विवरण | संख्या | दिन | घण्टा | खाना/बस्न | तलब | कैफियत |
|---|---|---|---|---|---|---|
| सामान्य सेक्यूरिटी गार्ड | केही | ३० | १२ | छ | १५,०००/IC | ५.५ उचाइ |
| मेडियम सेक्यूरिटी गार्ड | केही | ३० | १२ | छैन | ३०,०००/IC | ५.७ उचाइ |
| स्पेसल सेक्यूरिटी गार्ड | केही | ३० | १२ | छ | ६०,०००/IC | ५.८ उचाइ |
| भु.पु. इंन्डियन सेक्यूरिटी गार्ड | केही | ३० | १२ | छैन | ३५,०००/IC | सक्कल कागजात |
| वेटर पुरुष | केही | ३० | १२ | छ | १८,०००/IC | १० पास |

## विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ। साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमा प्रार्थी छ।

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७८।१०।२९ | ११ केभी बजार फिडर र ११ के.भि. शनिश्चरे फिडर। | बजार फिडर र शनिश्चरे फिडर अन्तर्गतका सम्पूर्ण क्षेत्रहरु | बिहान ८:०० बजेदेखि दिउसो ३:०० बजेसम्म | उक्त फिडर अन्तर्गतका लाइनमा पर्ने रुखका हाँगाबिगा (बूस कटिङ) तथा मर्मत सम्बन्धी कार्य गर्नुपर्ने। | उल्लेखित समयभन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ। |

नेपाल विद्युत् प्राधिकरण
**अनारमनी वितरण केन्द्र**

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

## एक्सेल डेभलपमेन्ट बैंक लि.

**Excel Development Bank Ltd.**
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)

*नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)*
केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा
फोन नं ०२३-५४३५६४, ५४३७१४, ५४४०१०, Email: info@edb.com.np | URL: www.edb.com.np

वि.स.२०७८ फाल्गुन ०१ गते (इ.सं.२०२२/०२/१३) देखि लागु हुने व्याजदर

**निक्षेप**

| निक्षेपको प्रकार | न्यूनतम मौज्दात | ब्याजदर (% प्रतिवर्ष) |
|---|---|---|
| **१.कल डिपोजिट** | | |
| (क) एक्सेल सुपर निक्षेप (ESD) | ० | अधिकतम ३.३२ सम्म |
| (ख) कर्पोरेट डिपोजिट (CD) | ० | |
| **२.बचत खाता** | | |
| साधारण बचत (NS) | १०० | ६.६५ |
| एक्सेल सुपर सेभिङ्ग(ESS) | १०० | ६.६५ |
| महिला बचत (WS) | १०० | ६.६५ |
| बिद्यार्थी बचत (SS) | १०० | ६.६५ |
| बाल बचत (CS) | १०० | ६.६५ |
| कर्मचारी बचत (KK) | १०० | ६.६५ |
| जेष्ठ नागरिक वचत खाता(SCS) | १०० | ६.६५ |
| नागरिक वचत खाता | ० | ७.०५ |
| सामाजिक सुरक्षा भत्ता खाता | ० | ६.६५ |
| लकर वचत खाता | १०००० | ६.६५ |
| बम्पर बचत खाता | १०० | ६.६५ |
| मेरो तलव खाता | ० | ७.५५ |
| मेरो पेन्सन खाता | ० | ६.६५ |
| हाम्रो बचत खाता | १०० | ६.६५ |
| एक्सेल रेमिट खाता | ० | ९.०५ |
| एक्सेल प्रिमियम वचत खाता | १००० | ८.०५ |
| नानी बाबुको वचत खाता | ० | ८.०५ |

**३.मुद्दति खाता**

| खाता प्रकार | ब्याजदर (%प्रतिवर्ष) व्यक्तिगत खाताको लागि: मासिक ब्याज भुक्तानी | व्यक्तिगत खाताको लागि: त्रैमासिक ब्याज भुक्तानी | संस्थागत खाताको लागि: त्रैमासिक ब्याज भुक्तानी |
|---|---|---|---|
| ३ महिने मुद्दति खाता | ११.०५ | ११.६५ | १०.६५ |
| ६ महिने मुद्दति खाता | ११.०५ | ११.६५ | १०.६५ |
| ९ महिने मुद्दति खाता | ११.०५ | ११.६५ | १०.६५ |
| १ वर्षे मुद्दति खाता | ११.०५ | ११.६५ | १०.६५ |
| २ वर्षे मुद्दति खाता | ११.०५ | ११.६५ | १०.६५ |
| २ देखि माथि ५ वर्षसम्मको | ११.०५ | ११.६५ | १०.६५ |
| ५ बर्ष देखि माथि | ११.०५ | ११.६५ | १०.६५ |
| एक्सेल रेमिट मुद्धति खाता | - | १२.६५ | - |
| एक्सेल कर्पोरेट प्रिमियम मुद्धति निक्षेप खाता | - | - | १०.६५ |
| संस्थागत मुद्धति निक्षेप (Bidding ) | - | - | १०.६५ |

**४.क्रमिक बचत निक्षेप (नयाँ खाताहरुमा मात्र लागु हुनेछ)**

| अवधि | वार्षिक ब्याजदर % |
|---|---|
| १ वर्ष अवधि | ७.०० |
| २ वर्ष अवधि | ७.५० |
| ३ वर्ष अवधि | ८.०० |
| ४ वर्ष अवधि | ८.२५ |
| ५ वर्ष अवधि | ८.५० |

**कर्जा**

| कर्जाको प्रकार | प्रिमियमदर(%प्रतिवर्ष) |
|---|---|
| १.संस्थागत (व्यवसायकर्जा) (रु १ करोड भन्दा बढी) | +७.०० सम्म |
| २. रिटेल कर्जा | |
| उपभोक्ता कर्जा | +५.०० सम्म |
| शिक्षा कर्जा | +७.०० सम्म |
| घर कर्जा | +७.०० सम्म |
| मार्जिन (शेयर) कर्जा | +५.०० सम्म |
| व्यक्तिगत ओ.डी. कर्जा | +७.०० सम्म |
| व्यक्तिगत आवधिक कर्जा | +७.०० सम्म |
| निजी सवारी साधन कर्जा | +७.०० सम्म |
| व्यवसायिक सवारी साधन | +७.०० सम्म |
| विद्युतिय सवारी साधन | +५.०० सम्म |
| ३.रियल स्टेट कर्जा | |
| व्यवसायिक कर्जा | +७.०० सम्म |
| आवासिय घर कर्जा | +७.०० सम्म |
| जग्गा खरिद/प्लटिङ्ग | +७.०० सम्म |
| व्यक्तिगत आवधिक | +७.०० सम्म |
| ४. सुन चाँदी धितो कर्जा | +७.०० सम्म |
| ५.साना तथा मझौला कर्जा | +७.०० सम्म |
| ६.विपन्न वर्ग कर्जा | |
| व्यक्तिगत तथा व्यवसायिक | +७.०० सम्म |
| थोक | +५.०० सम्म |
| ७.व्याज अनुदान सहितको सहुलियत कर्जा | +२.०० सम्म |
| ८.कन्सोर्टियम कर्जा | कन्सोर्टियम निर्णयानुसार |
| ९.मुद्धती रसिद धितोमा | मुद्धती खाताको व्याजदरमा थप २ प्रतिशत वा अघिल्लो त्रयमासको आधार दरमा जुन बढी हुन्छ। |
| १०.छोटो आवधिक कर्जा (Short Term Loan) | +७.०० सम्म |
| ११. युवा तथा साना व्यवसायी स्वरोजगार कोष कर्जा | करार वमोजिम |
| १२.कृषि, हस्तकला तथा सीपमुलक व्यावसाय एवं उद्यम व्यवसाय (रु. १ करोड सम्म) | +२.०० सम्म |

**स्थिर व्याजदर प्रतिवर्ष आवधिक कर्जा (Fixed Interest Rate)**

| कर्जाको प्रकार | ५ वर्षसम्म | ५ वर्ष् भन्दामाथि १० वर्षसम्म | १० वर्षभन्दा बढी |
|---|---|---|---|
| घर कर्जा | १३.००% | १४.००% | १५.००% |
| व्यक्तिगतकर्जा | १३.००% | १४.००% | १५.००% |
| सवारी कर्जा | १३.००% | १३.५०% | - |
| व्यवसायिककर्जा (आवधिक) | १२.५०% | १३.००% | १४.००% |

**नोट:**

बैकको गत त्रयमास (२०७८ पौष मसान्त सम्म) को औसत आधार दर ८.९२% रहेको छ र ऋणीपिच्छे लागू हुने परिवर्तनीय व्याजदर भने उल्लेखित प्रिमियमदरको सिमाभित्र कर्जाको प्रकार, रकम, भुक्तानी अवधि, जोखिमको स्तर तथा विद्यमान कर्जाका हकमा कर्जाको शर्तहरुको परिपालना लगायतका आधारमा तय हुनेछ।

सामाजिक सुरक्षा भत्ता वापतको रकममात्र जम्मा हुने व्यक्तिगत निक्षेप खाता तथा अक्षयकोष मुद्दती निक्षेपको हकमा नियामक निकायको निर्देशन बमोजिम हुनेछ।

बैंकको जमानत/प्रतितपत्र दावी भुक्तानीमा तत्काल लागू रहेको अधिकतम ब्याजदर लाग्नेछ।

ऋणीले जुन उद्देश्यको लागि कर्जा लिएको हो सो उद्देश्यमा कर्जा प्रयोग नगरेको, धितो सम्पतिमा हानी नोक्सानी गरेको पाइएमा तथा कर्जा आव्हान पत्रमा उल्लेख भएको शर्त तथा बन्देजहरुको पलना नभएको तथा थप कर्जा नोक्सानी व्यवस्था आवश्यक हुने ऋणीहरुको कर्जाको व्याजदरको हकमा प्रिमियम दरमा अतिरिक्त २% सम्म थप गर्न सकिने छ।

विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जा सम्वन्धी व्यवस्था बमोजिम जेष्ठ नागरिक, दलित, मुक्तकमैया, वादी, हलिया, द्वन्द्व पिडित, एकल महिला तथा फरक ढंगले सक्षम व्यक्तिलाई प्रवाह गर्ने विपन्नवर्ग कर्जाको व्याज दरमा एक प्रतिशत सहुलियत हुनेछ।

साविकको हाम्रो सुरक्षा वचत खाताको नाम परिर्वतन गरी हाम्रो वचत खाता राखिएको छ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

# पथरीशनिश्चरेमा फिल्ड भेरिफिकेशन



**पथरीशनिश्चरे, माघ २८।** मोरङको पथरीशनिश्चरे नगरपालिका कृषि तथा पशुपंक्षी शाखाबाट अनुदानका लागि पेश हुन आएका प्रस्तावहरु माथि फिल्ड भेरिफिकेशन गरिएको छ।

अनुगमनमा वडाबाट पेश भएका आवेदन उपर स्थलगत अनुगमन गरिएको हो। अनुगमनका क्रममा वडा नं. ५, ६ र १० का आवेदकले विभिन्न परियोजनाहरूको लागि माग भएका आवेदनउपर स्थलगत अध्ययन तथा अनुगमन गरिएको थियो।

दूध दुहने मेसिन, च्यापकटर मेसिन, प्लाष्टिक टनेल, माछापोखरी लगायत दाना पिस्ने मेसिन लगायतका मागहरका बारेमा प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद खरेल, आर्थिक विकास समिति संयोजक यामप्रसाद गुरागाई, कृषि शाखा प्रमुख सावित्रा कार्की, पशुपंक्षी शाखा प्रमुख हेमचन्द्र दाहाल, वडाध्यक्ष जोगबहादुर धिमाल, वडा अध्यक्ष जयबहादुर तामाङ, कार्यपालिका सदस्य गीता विश्वकर्मासहितको टोलीले अनुगमन गरेको थियो।

# ८२ वर्षीया महिलाको हात मिलको रिङले चुडाया

□ युद्धबहादुर बोहोरा

**इलाम, माघ २८।** फाकफोकथुम गाउँपालिका १ नम्बर वडाकी ८२ वर्षीया एक महिलाको मिलको रिङमा परी देब्रे हात चुडिएको छ।

ठिंगेपुर निवासी गुमानसिंह निरौलाको श्रीमती बसुन्धरा निरौला घर नजिकै रहेको कुटानी पिसानी मिलमा आफ्नी कान्छी बुहारी मनमायाको साथमा धान लिएर गएकी थिइन्।

मिलमा धान कुटाउँदै गरेको बेला भुस उठाउने क्रममा विद्युतबाट सञ्चालित मिलको रिङमा हात बेरिन गइ अचानक मेसिनले देब्रे हात पाखुरादेखि तल पुरै चुडाएको वडाध्यक्ष टेकवीर लिम्बूले जानकारी दिए।

दुर्घटना परेकी महिलालाई मिल चालक राज नेम्बाङ, बुहारी मनमाया र उनका छोरा होमबहादुरले उद्धार गरेको र तत्काल प्राथमिक उपचार गरिएको अध्यक्ष लिम्बूले बताए।

थप उपचारको लागि सुविधा सम्पन्न अस्पताल लैजान रेफर गरी झापा ल्याइएको वडा नम्बर १ का स्वास्थ्य चौकी इन्चार्ज छवि निरौलाले जानकारी दिए। टाउकोमा समेत उनको गम्भीर चोट भएकी घाइतेको चुडिएको हात पनि साथमा लगिएको उनले बताए।


## पार्लर बिक्रीमा

बिर्तामोडस्थित एमिटी कलेज छेउमा चालू अवस्थामा रहेको ब्यूटीपार्लर बिक्रीमा छ।
सम्पर्क : ९८१८८७९७३६, ९८२४९६८८२४

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की अब प्रति ट्यांकी रु. २०००/- मा सफाई गरिने छ।

सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस्।

सम्पर्क: ९८०८७०५२०६/९८६३९८३६६८, ९८०७९३०७४०/९८४०४९८३५५

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक

नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

## छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि, स्टाम (छाप), अफसेट प्रिन्ट, स्क्रीन प्रिन्ट, फ्लेक्स प्रिन्ट, होर्डिङ्ग बोर्ड, लेमिनेशन, डिजिटल प्रिन्ट लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन भिजिटिङ कार्ड चाहिएको छ, हामिलाइ सम्झनुहोस
७ बार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
अतिथिसदन उत्तरपट्टिको घर
फोन न. ०२३-५४२१५९, ९८४२६२५३५३/९८१४०३६३४४

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस्।

सम्पर्क: ०२३-५५२६२०, ९८४२६५५७००, ९८०४९३८१००

## नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिति २०७८/०९/०५ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविकको कम्पनी दिपशिखा इङ्लिस बोर्डिङ्ग स्कूल प्रा.लि. (प्रा.लि. नं. १४३८९४)को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्न व्यहोर्नुपर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने, व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०९/१४ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी विश्वकर्मा ग्रुप प्रा.लि. कायम गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## ठाकुर पोलिक्लिनिकमा

विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा

**डा. पिताम्बर ठाकुर**
MBBS MD (TU) NMC 1914 Consultant Physician
समयः दैनिक बिहान ११-२ बजेसम्म, दिउँसो ४ बजेपछि

हाम्रा थप सेवाहरु :
डा. शंशाकराज कोइराला : टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
डा. लवराज लोहनी : बाथरोग विशेषज्ञ
डा. केशव मण्डल : नवजात शिशु तथा बालरोग विशेषज्ञ
डा. धिरज गिरी : नाक, कान, घाँटी रोग विशेषज्ञ
डा. विवेक रौनियार : हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
डा. केशव ढकाल : छाला, कुष्ठ तथा यौनरोग विशेषज्ञ
डा. शम्भु नवल : वरिष्ठ चिरफार सर्जन विशेषज्ञ
डा. यज्ञराज खरेल : वरिष्ठ हाडजोर्नी तथा नसा रोग विशेषज्ञ

यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ।

पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा, फोन :०२३-५९०००८, ९८१७९६४७७१

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## डा. रामकुमार सिटौला

MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:०० बजेदेखि मेची अञ्चल अस्तालबाट
सम्पर्क : कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३-५३२८४५
नोटः यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| मिलन धिमाल समेत | मधुमल्ला-५/ठ | १३९ | ०-६-१० | कमलप्रसाद खतिवडा |
| अश्विनकुमार अधिकारी | सुरुङ्गा-२ | ६७० | ०-१-० | सम मुर्मु सतार |
| प्रदिप अधिकारी | सुरुङ्गा-२ | ६६९ | ०-१-० | सम मुर्मु सतार |
| मोहनबहादुर कार्की | चकचकी-९ | ७०८ | ०-०-१२.२५ | कालु सिंह ता.पु./कालु सिंह ताजपुरिया |
| सुरज मुनि मर्डी | कोरोबारी-८ | २६ | १-२-१५ | बड्का सतार |
| शंकरप्रसाद राजवंशी | घैलाडुब्बा-३ | २४८ | ०-०-१० | जानु राजवंशी/जानुलाल राजवंशी |
| निसावी राजवंशी | घैलाडुब्बा-३ | ६६९ | ०-१-३ | मोटा राजवंशी |
| शंकरप्रसाद राजवंशी | घैलाडुब्बा-३ | ६०१ | ०-१६-० | अनिरुद्र खवास |
| रत्नबहादुर सार्की | घैलाडुब्बा-१ | ४१६<br>४१८<br>१७७२ | ०-८-५<br>०-८-५<br>०-३-१० | ईश्वरीप्रसाद खरेल<br>ईश्वरीप्रसाद खरेल<br>ईश्वरीप्रसाद खरेल |
| दीपा साह | राजगढ-४ | ४०७ | १७१५.०० | सुफत सतार/सुफल सतार |
| अतावुल मियाँ | चकचकी-१ | ७२० | ०-०-१४ | सुजाय नी मियाँ/सुजातली मियाँ/सुजात अलि मिया |
| अजमेरा खातुन | चकचकी-१ | ८८५ | ०-०-२ | दुखा मिया |
| अतावुल मियाँ | चकचकी-१ | ८८६<br>७२८ | ०-२-०.७५<br>०-०-३.७५ | दुखा मिया |
| अजमेरा खातुन | चकचकी-१ | ८८१ | ०-०-९.२५ | सुजाय नी मियाँ/सुजातली मियाँ/सुजात अलिनी मिया |
| इल्ताज मिया | चकचकी-१ | ७२१ | ०-०-१४.२५ | सुजाय नी मियाँ/सुजातली मियाँ/सुजात अलिनी मिया |
| इल्ताज मिया | चकचकी-१ | ७२७ | ०-०-२ | दुखा मिया |
| जलेश्वरी महतो | महामारा-१ | ५४०<br>५३८ | ०-७-०<br>१-७-१० | लोथरु मुर्मु सतार |
| जलेश्वरी महतो | महामारा-१ | ५४३<br>५४४ | ०-८-०<br>०-२-२ | चुनु मुर्मु सतार |
| जलेश्वरी महतो | महामारा-१ | ५४१<br>५५१ | ०-५-५<br>०-९-० | सम वास्के सतार |

## मेचीनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
प्रदेश नं. १ नेपाल

### घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना

मेचीनगरपालिका वडा नं. ७ बस्ने श्री अर्जुन राजवंशीले निजको नाममा दर्ता रहेको साविक मेनपा-१२ हाल मेचीनगर-७ स्थित प्रशान्त टोल महेन्द्र राजमार्गमा पर्ने कि.नं. १०७२ क्षेत्रफल ८३३.०९ व.मि. जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिम, उत्तर/दक्षिण तर्फका सँधियार श्री दिनेश राजवंशी/मोहन सिं कार्की मिति २०७८/१०/२७ मा साँध-सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनु भएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सधियार, बाटो, नदिनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ। तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न नआएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनीका सधियारहरु |
|---|---|---|---|
| १ | साविक मेनपा- १२<br>हाल मेनपा-०७<br>कि.नं. १०७२<br>क्षेत्रफल ८३३.०९ व.मि. | लम्बाई ७२:६"<br>चौडाई ४१:०"<br>उचाई १९:५"<br>क्षेत्रफल ३७८८.२५वर्गमिटर | पूर्व श्री त्रिलोक गुप्ता<br>पश्चिम श्री दिनेश राजवंशी/मोहन सिं कार्की<br>उत्तर श्री सडक<br>दक्षिण श्री मेघनाथ गुरागाई |


## तपाईको युरोप जाने सपना हामी पूरा गर्नेछौं।

## रोमानीयामा रोजगारी

**1. MULTI PROFESSIONAL SOLUTIONS SRL**

Re: Approval Date: 2021/09/26 | चलानी नं.: ६०१६३७८८ | LOT No. 246180 | शहर: Romania

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | | 550 | 65450 | | | | | | | | |
| 2 | Factory Worker | 50 | | 550 | 65450 | | | | | | | | |
| 3 | Cook Helper | 10 | | 600 | 71400 | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 4 | Ware house worker | 10 | | 550 | 65450 | | | | | | | | |
| 5 | Waiter Helper | 10 | | 600 | 71400 | | | | | | | | |

**अन्तरवार्ता मिति, स्थान र समय विहान १०:00 बजेदेखि ५:00 बजेसम्म**
**२०७८ फागुन २ र ३ गते (2022 FEB 14 & 15) सिपि होटल, वितर्मोड, झापा**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगादाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैंले | रु. ७००/- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले |

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला।, २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ।, ३. यस विज्ञापन (सूचना)मा उल्लेखभएको भन्दा बढी रकम कसैलाई नदिनुहोला।, ४. विदेश जानु अघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ।, ५. विदेश जानुअघि आफूजाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य सर्तबारे राम्ररी पढेरमात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला।, ६. काममा बिदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला। अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे श्रम तथा रोजगार प्रबद्धन विभाग, बानेशवरमा सम्पर्क राख्नुहोला।

**ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.**
**शाखा कार्यालय, बिर्तामोड, झापा** Govt Lic.No. 259/058/059
फोन: ०२३-५४५०७२,
मोबाइल: ९८५१०१६८०५,९८०७५६३७९५,९८०७५६३७५७

## उपकार ब्राण्ड

अब हर घरको शान
स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस्।
नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
९८६२२७४४०५, ९८२०७१६१३०, ९८२[redacted]


## जनहितमा जारी सन्देश

कोभिड-१९ को नयाँ भेरियन्ट ओमीक्रोन भाइरसको संक्रमण बिर्तामोड नगरपालिका क्षेत्र भित्र पनि अत्याधिक फैलिएको हुनाले सबैजना सजग बनौं।

- मास्कको सही प्रयोग गरौं।
- भौतिक दूरी कायम गरौं।
- बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजर प्रयोग गरौं।
- भिडभाड नगरौं।
- स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य पालना गरौं।
- कोरोनाविरूद्धको खोप अनिवार्य लगाऔं।

कोभिड-१९को लक्षण देखिएमा वा त्यस्तै प्रकारको स्वास्थ्य समस्या देखिएमा तुरुन्त नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।

बिर्तामोड नगरपालिका
प्रदेश नं. १, झापा, नेपाल



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुने छन्।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन विमुख हुने छन्।

**कर्कट (हि, हु, हे, हो, डा, डि, [redacted]**
बुद्धिको उपयोगले विद्या तथा ध[redacted]मय रहेको
छ, आफ्नो विचारले धेरैलाई प्र[redacted]सकिने छ,
शुभ खबर सुन्न पाइने छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, [redacted]**
पराक्रम बढेर जानेछ, बिग्रन ला[redacted]ाले हौसला
बढ्ने छ, छोटो दूरीको यात्रा हुने[redacted]हला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ[redacted]**
धार्मिक यात्रा हुनेछ, यो समयम[redacted]पूर्ण
सहयोग पाइने छ, पराक्रममा [redacted]ाथि विजय
प्राप्तिको योग छ।

**तुला (र, रि, रु, रे, रो, ता, [redacted]**
मन अशान्त रहन सक्छ, प[redacted]रणले मनम[redacted]
बढ्नेछ, व्यर्थको यात्रा गर्नुप[redacted] योग रहेके[redacted]

**बृश्चिक (तो, ना, नि, नु, [redacted]ा, यु) -**
कार्यसिद्धी हुने दिन छ, मा[redacted]वृद्धि हुने, [redacted]
भाग्यले साथ दिनेछ, थोरै प[redacted]मेला व्यहो[redacted]
सक्छ।

**धनु (ये, यो, भ, भि, भु, ध, [redacted] -**
स्वास्थ्य प्रतिकूल बनेर गयो[redacted]झमेलामा[redacted]
योग रहेको छ, यो अवधिभ[redacted]दविवाद न[redacted]

[redacted]ी, ज, जि, खि, खु, खे, खो, गा, गि) -
[redacted]लदायी छ, चिट्ठा, उपहार प्राप्तिको योग छ,
[redacted]को रोमान्टिक यात्रा हुनेछ, मन प्रशन्न रहने छ।

[redacted], गे, गो, सा, सि, सु, से, सो, द) -
[redacted]सम्बन्धी समस्याले सताउन सक्छ,
[redacted]ाबाट यथेष्ठ लाभ नमिल्नाले मन चिन्तित
[redacted]

[redacted], दु, थ, झ, ञ, दे, दो, च, चि) -
[redacted]क काम शुरू गर्ने समय आएको छ, पहिले
[redacted]कामको हौसलाले धप ऊर्जा मिल्नेछ, स्वास्थ्यले
[redacted] दिनेछ।

[redacted]

## जीवन : फरक दृष्टि



राजेश ढुंगाना

तिमीले
सबैथोक भोगेर
तिम्रो
निष्कर्ष थियो-
जीवनको अर्थ
केही पनि रहेन छ

मैले
केही पनि नभोगी
म कसरी भनौं
जीवनको अर्थ केही पनि
होइन रहेछ !
र, मुस्कान पनि होइन रहेछ

घाउ भएर मेरो हातमा
निस्केको पीपमाथि
निरन्तर मेरी प्रेमिका सदैव
लामो चुम्बन गर्थिन्
तब
म कसरी भनौं
जीवन केही पनि होइन रहेछ !
जीवन मुस्कान पनि होइन रहेछ !!

ईश्वर, ईश्वरले
पापी त्यो पुजारीलाई
किन हटाउँदैनन् ?
जसले ईश्वरलाई
जन्मेदेखि
कैद गरेर राखेको छ !

नसकेर हो भने
उनले आफूलाई किन
ईश्वर भन्ने ?
नचाहेर हो भने
मैले उनलाई
ईश्वर भनी किन पुज्ने ?
पापी पुजारी बहिस्कार !
ईश्वर बहिष्कार !

आओ मान्छेहरु हो !
ईश्वर छन् भने
म पनि तिमीहरु सँगै
लाममा लागेर पूजा गरौंला
र, तिमीहरू पनि
किरिया हाल कि
मैले भने जस्तै
ईश्वरलाई अपदस्त गरेर
खाली आसनमा बस्तै
स्वयम् मान्छेलाई
ईश्वर घोषणा गरौंला !

*भद्रपुर, झापा*



# कोरोनाले लाँदालाँदै उम्केकी मेरी साइँली





भुवन तामाङ

आबुइ मेरो मुबिल फुनको मुसेजमा के नराम्रो सम्चार आयो बाबै । बत्तिसै लक्षिनले परिपूर्ण मेरी साइँलीलाई झण्डै कोरोनाले लागेछ्या । कसो कुदाएनछन् बगरतिर साइँलीलाई त ।

मेरी साइँलीले मुबिल फुनको मुसेजमा लेखिछन्- 'हेर साइँला ! म त मर्नु पो आँटे त । खोइ कताबाट हो कोरोना लागि त हालो । खोक्दा खोक्दा तिम्रो माया साँच्ने मुटु नै बाहिर निस्केर झर्ला जस्तो भो । आगो बरु चिसो होला मेरो ज्वरो यति तातो छ कि, ओछ्यान् नै बलिसक्यो । परान धान्न चाहिने खानेकुरा भन्ने चिज केही पनि हेर्न मन लाग्दैन । नाकले केही सुँघ्दैन । अरे साँइला ! मलाई मात्तै यस्तो भाको हो की अरुलाई नि यस्तो हुन्छ ? के असत्ती र छ हौ कोरोना भाइरास भन्ने चिज । तर, तिम्रो माया पाउन्ज्याल साइँला ! किन पो मरि जाउँला । भएन म त गाउँमा जन्मी, हुर्की बढेकी, खेतीपाती गरेकी, अर्ग्यानिक खानेकुरा, जडिबुटी खाएकी, झरनाको पानी पिएकी, चिसो हावा खाएकी पो हुँ त । कहाँ लान सक्छ र मलाई कोरोनाले हत्तपत्ती तर घरको आगनमा देख्छेछु । म मर्छु भन्ने लागेर होला, मेरो वैतरनी गर्ने तयारी गर्दै पो छन् । मलाई खोला लगेपनि कात्रो उघारेर भागेर आउँछु ।'

नभन्दै कोरोनाले लाँदा लाँदै उम्किइन् मेरी साइँली । नत्र म के गरी पो बाँचिजाउँला मेरीबास्सै । केही गरी मेरी साइँलीलाई कोरोनाले लगिहाल्यो भने मलाई चाहिँ लगिरहनै पर्दैन । म स्वयम् सती जान्छु साइँलीसँगै । साइँलीप्रतिको मेरो मुयापिरती सन्ठी जस्तो कुनै कच्चा चिजले बनेको होइन । यसै भकभकायो साइँला ।

हन कति चाहिँ आइरहन्छ हौ नराम्रो खबर मेरो मुबिलको मुसेजमा भन्दै साइँलाले साइँलीले पठाएको म्यासेज पढ्यो- 'साइँला मलाई कोरोनाको दोस्रो लहरले नि भेट्यो । टाउको दुखेर पड्केला जस्तो भैराछ । मेरो टाउको पड्क्यो भने तिम्रो गाउँभाको पहाडसम्म नै सुनिन्छ होला हो कि साँइला ? खोइ त सुई लाए पनि कोरोना लागि हाल्दो रछ त । तर दान दिन बाछी ठिक्क पारे पनि यसपाली चाहिँ वैतरनीको सुरसार गरेका छैनन् घरमा । आधाउधी चाहिँ सुइले काम गर्दो रछ ।'

मेरो बुबिल फुनको मुसेजको बक्सामा कस्ले मुसाको नक्सा हालो हँ ? आबुई ! होइना मेरी साइँलीको नक्सा जस्तो पो छ त । तर, मेरी साइँली त झरिलिभरिली पो थिइन् त । कसरी मुसा जस्तो भइन् गाँठे ? ए है म पनि कति हुस्सु । कोरोनाको दोस्रो लहरले दुब्लाएर साइँली त मुसा जस्तो पो भइछिन् ।

साइँला पनि साइँलीलाई म्यासेज लेख्छ- 'हे मेरी साइँली ! तिमीलाई कस्ले यस्तो पारो ? त्यही कोरोना भाइरासले होइना त ? अर्को पनि सुइ लगाउ त अनि हेरौंला मेरी साइँलीलाई कसरी मुसा जस्तो बनाउँदो रछ । साइँली तिमी यस्ती हुन सक्दिनौ । यति साह्रो कमजोर हुन सक्दिनौ । मेरो मुयापिरती पाउन्ज्याल केही हुँदैन भन्थेउ त । धन्न मन अडियो किनकि यसपाली चाहिँ वैतरणी गर्नु परेन भनेर मुसेज लेख्यौ । नत्र त म तिमीसँगै सती जान्थे । त्यति कच्चा र झुठो नसम्झ है मेरो मुयापिरतीलाई साइँली ।'

डोको भरिभरिको धन्यवाद कोरोनाको सुई तौंलाई । तौंइले मेरी साइँलीलाई कोरोना भाइरासले लानबाट बचाइस् । तौंलाई मुरीको मुरी धन्यवाद । ए है हन हौ के नमिठो खबर आकोआकै गर्छ त मोलाई । लु कोरोनाको तेस्रो लहरले नि भेटेछ मेरी साइँलीलाई । साइँलीले मुबिल फुनको मुसेजमा यस्तो लेखिछन्- 'साँइला ! मोलाई त ओमिक्रोन भन्ने नौलो कोरोनाले नि भेट्यो । हन हाउ मोलाई कतिबिधि माया गारेको कोरोना भाइरासहारुले ? तर यसो हाँच्छिउँ साच्छिउँ गर्नु बाहेक त्यति सारो चाहिँ पारेन । दुई पटक अथवा पूर्न खोप पाखुरामा घोपेपछि त कोरोना भाइरास पनि मान्छेदेखि हार्दो रछ हौ साइँला । यसपाली पनि कोरोनाले लाँदालाँदै उम्के नि साइँला ! तिमीले पनि पूर्न खोप लगाउनु है मेरो साइँला ! अनि के रे बुस्टार डोजको सुई आओ भने त्यो पनि घोप्नु है । तिमीलाई केही भै गयो भने म के गरि बाँचौला ? तर कोरोनाले लाँदालाँदै उम्केकी साइँली भनेर हेला चाहिँ नगर है ।'

धेरै दिनपछि साइँलाको मोबाइल सेटमा साइँलीले आफ्नो तस्वीर पठाइन् । कोरोनाबाट तङ्ग्रिएपछि त साइँली उही सदाबहार रुपकी झरिलिभरिली नै भइछन् । साइँलीको यस्तो सुन्दर तस्वीर देखेपछि त साइँला औधी नै खुशी भयो । उसको खुट्टो भुइँमै भएन । बुरुक्कै भयो । टाढा-टाढासम्म सुनिने गरी साइँली भनेर चिच्यायो । अनि उसले सामाजिक सञ्जालको भित्तामा दमदार ग्लामरस स्टाटस पोष्ट्यायो ।

'गुराँस टिपे जस्तै टपक्कै टिपेर शिरमा राखिहालुँ जस्ती । झरनामा बग्ने कञ्चन पानी जस्तै अञ्जुलीमा थापेर पिइहालुँ जस्ती । निलो सागरको गहिराइमा डुबुल्की मारे जस्तै उनको मायामा डुबिहालुँ जस्ती । सप्तरङ्गी इन्द्रेनीको रुप जस्तै बिछट्टै रुपवती । मेरी साइँली उदुमै राम्री । तराईका मैदानमा सरर चल्ने शीतल बतास जस्ती । आकाशमा चम्किने तारा र जुन जस्ती । मेरी साइँली बहुमूल्य हिरामोती जस्ती ।

गाउँघरमा हुर्केकी, दाउरा-घाँस गरेकी, मेलापात गरेकी, अमपर्म गरेकी, पधेँरीमा पानी भरेकी, गाग्रीमा पानी बोकेकी, खोलामा नुहाएकी, हरियापरिया अर्ग्यानिक खानेकुरा खाएकी, तराईको खेतमा खेती किसानी गरेकी, पहाडका पाखाहरुमा अन्न उब्जाएकी, हिमाली भेगमा जौ, उवा र जडिबुटी उमारेकी, कुटो कोदालो हँसिया, डोको नाम्लो, थुन्से, खेतबारी र गाईवस्तुलाई साथी बनाएकी, बीस हिउँद, बीस बर्खा काटेकी, रसिला स्याउका दाना जस्ता राता-राता गाला भएकी, दारिमका दाना जस्ता टलक्क टल्कने दन्त भएकी, चप्लेटी ढुङ्गा जस्तै निधार भएकी, हिमाल जस्ता सलक्क नाक भएकी, शीतका कञ्चन थोपा जस्तै नयन भएकी, झरना जस्तै झरझर केशराशी भएकी, अप्सराको जस्तो जीउडाल र पाउ भएकी अनि संगीतको धुन जस्तै मीठो बोली भएकी ।

जुहारी, दोहोरी, सेलो, पालम गाएकी । नेपाली मौलिक गीतका सुरतालमा छमछम नाचेकी । नेपाली राष्ट्रिय पोशाक र गरगहनाले झिरिभ्याँइ परेकी । बिहानीको घाम जस्तै मुसुक्क हाँसेकी । मेरी साइँली यस्ती राम्री । जुनेली रातमा सुटुक्कै पोइल लगिहालुँ जस्ती । न्वागीमा नयाँ अन्न चाखे जस्तै उनको बैँश चाखिहालुँ जस्ती । यिनै त हुन् कोरोनाले लाँदालाँदै उम्केकी मेरी प्यारी साइँली ।

# जीवन र प्रेम



प्रेम त्यो होइन जसमा स्वार्थ लुकेको हुन्छ । प्रेम त त्यो हो जसमा दुई आत्माको मिलन हुन्छ । संसारमा प्रेमलाई विभिन्न अर्थमा लिएको पाइन्छ । संसार मायामा नै चलेको हुन्छ चाहे त्यो पशुपंक्षीमा होस् वा मानवमा । कसैको प्रेमी बन्नु या कसैको प्रेम पाउनु, कसैको प्रेममा पागलसरी बन्नु या त युगल जोडी भई एक-अर्काको प्रेममा हराउनु यो सबै चलिरहेकै हुन्छ मानव जीवनमा ।

एकअर्कालाई चाहेर पाउन खोज्नु पनि पटक्कै प्रेम होइन । प्रेममा त्याग र समर्पण पनि राख्न सक्नुपर्दछ । भगवान श्रीकृष्णलाई पनि राधाले अथाह प्रेम गरेकी थिइन् । तर, श्रीकृष्णलाई राधाले त्याग्न विवश थिइन् । सबैको चाहना हुन्छ आफूले चाहेको व्यक्ति आफ्नो साथमा रहोस् र हरपल मायाको अनुभूति दिलाइरहोस् । कसैले पनि चाहँदैन कि आफ्नो रोजाई अर्कालाई सुम्पने दिन आएको ।

हरेक वर्ष प्रेमीहरुको दिवस आउने गर्दछ । यो प्रेम दिवसले कतिपय जोडिएका प्रेमीहरु विवाहतर्फ मोडिन्छन्, कतिपय जोडीलाई बिना बाबुको आमा हुने परिस्थिति ल्याइदिन्छ भने कतिपय जोडीहरु प्रेमिल समयमा रम्ने गर्दछन् । आखिरमा यो प्रेम दिवस त सच्चा प्रेम गर्ने व्यक्तिहरुको दिवस हो । प्रेम दिवस जस्तो पवित्र दिनलाई स्वार्थ र विश्वासघातले लात मारिरहेको दृश्य पनि आजकाल देख्न पाइन्छ । कसैको पनि जीवनमा आघात पुग्ने काम कोही कसैले गर्नुहुँदैन ।

आजभोलि किशोर-किशोरी प्रेमको आगोले पोलेर यत्रतत्र भड्किइरहेका हुन्छन् । न त परिवार, न त पढाइ, न त आफ्नो भविष्यलाई सोच्न सक्छन् । क्षणिक आकर्षणलाई प्रेमको नाम दिई उनीहरुले जीवनलाई अँध्यारो रातमा ढल्काएको आभाष म गर्छु । कोही कसैलाई राम्रो लाग्नु त्यो प्रेम होइन क्षणिक आकर्षण हो । तर, उनीहरु यो बुझ्दैनन् कि उनीहरु आकर्षणलाई प्रेम भन्न रुचाइरहेका छन् ।

प्रविधिमय बनेको छ- हर सम्बन्ध कतिबेला सकिन्छ, कतिबेला जोडिन्छ केही थाह हुँदैन । पहिलेका प्रेम बर्षौंदेखि हुलाकबाट आएको पत्रको इन्तजारमा रहने मिठासताले भरिएको हुन्थ्यो भने आजकालको प्रेम इन्टरनेटमय बनेको छ । आज एउटासँग सम्बन्धमा भएको व्यक्ति भोलि अर्कोसँग जोडिएको हुनसक्छ । आकर्षणले भरिएको प्रेमका कारण आज कैयौं किशोर-किशोरीको जीवनले मृत्यु पनि रोजेको पाइन्छ । प्रेमले कसैको जीवन उजाड नबनाओस्, कसैको जीवनलाई मृत्यु उपहार नदेओस् र कसैको घरव्यवहार भविष्य यता न उताको नबनाइदिओस् । बस् यही चाहना छ मेरो ।



किरण अर्याल

प्रेममा विश्वास र भरोसा हुन आवश्यक छ । विश्वासले नै मानिसको जीवनमा सकारात्मक सोचको विकास गराउन सक्दछ । त्यसैले प्रेम त यस्तो बनोस् गुलाफको फूल जस्तो जुन काँडाबीच पनि मुस्कुराउन सक्ने । प्रेम त यस्तो बनोस् बिछोडमा पनि घरि-घरि सम्झेर रुवाउन सक्ने । प्रेम त यस्तो बनोस् टाढा हुँदा पनि नजिक बसे जस्तो लागीरहने, प्रेम त यस्तो बनोस् कुनै दिन टाढा हुँदा पनि घृणाको भाव कहिल्यै नआउने सम्झँदा खुशीको आँशु झरोस् र प्रगतिमा परैबाट बधाई दिने । प्रेम कहिल्यै यस्तो नबनोस् नपाउञ्जेल हिरा पाएपछि मलखाडीको किरा जो गन्तिमा नआउने ।

कैयौं लेख प्रेमील भावमा लेखिएका छन् । कतै मिलनको गीत बजेको पाइन्छ त कतै बिछोडको । मिलन होस् या बिछोड प्रेम लज्जित नबनोस् । प्रेमलाई गाली नगरियोस् । कसैको सपनाको संसार बेरंगीन नबनाइयोस् । बस् यही प्रार्थना छ । हरेक प्रेमील जोडिहरु हाँसेर, रोएर वा टाढा भएर प्रेमलाई धिक्कार्ने दिन नआओस् । हरेक प्रेमील मनहरुले भगवान राधा र कृष्णको जस्तो प्रेम गर्न सकुन् पवित्र । व्यक्त गरिएको प्रेमभन्दा अव्यक्त प्रेममा अझै बढी मिठासता पाइन्छ ।

जो आफ्नो हो मनमा रहन्छ हरपल, जो आफ्नो होइन, मनमा मात्र होइन दिमागमा पनि रहने छैन । त्यसैले भरसक आफूलाई प्रेम गर्नुहोस्, आफूलाई माया गर्नुहोस्, आफ्नो मनलाई बुझ्नुहोस्, अरुलाई नदुखाउनुहोस् । एउटा गुलाब झैं तपाइँ पनि काँडाबीच हाँस्न सक्नुहुनेछ दुखाइहरुमा । हरेक प्रेम दिवसले सबैको जीवन गुलाफको फूल झैं सुन्दर बन्न मद्दत गरोस् । प्रेमको उल्टो शब्द घृणा कसैको जीवनमा नआओस्, प्रेमील मनहरुमा प्रेम दिवस अर्थात् १४ फेब्रुअरीको हार्दिक शुभकामना ।

प्रेम जीवन हो, तर प्रेमका खातिर आफ्नो जीवन-मृत्युको मुखमा नपुऱ्याउँ हर कोहीले । जीवन रहे मात्र प्रेम गर्न सकिन्छ । त्यसैले जीवन अनि मात्र प्रेम...!



# स्वस्थानी माताको भरोसा



तुलसीराम खरेल



त्यो दिन बिहानैदेखि हुस्सु लगेको थियो । स्वस्थानीको पूजाको रौनक गाउँघरमा मज्जाले देखिन्थ्यो । एउटा अर्को गर्दै निमन्त्रणा आउने गर्दथे । पुष्पलतालाई निम्तो मान्न भ्याई-नभ्याई भइरहेको थियो । घरहरूमा भेला भएर रमाईलो गर्ने, राति अबेलाबसम्म काम गर्ने, सेलरोटी पकाउने अनि पूजाको रातमा जाग्राम बस्ने कार्यमा पुष्पलताको निकै सक्रियता हुने गर्दथ्यो । प्रायः छिमेकीहरूले उनकै खोजी गर्दथे ।

पुष्पलताका विगतहरू हरेक वर्ष व्रत लिने र घरमा पूजा लगाउने कार्यमा बित्ने गर्दथ्यो । उनका श्रीमान समेत रहुसे स्वभावका थिए । गाउँघरमा विवाह व्रतबन्ध, पूजा समारोहहरूमा मानिसहरू उनको पनि त्यतिकै खोजी गर्दथे । एक सय आठ रोटी, एक सय आठ सुपारी, श्रीमानलाई प्रसादी टक्राउँदा पुष्पलताको खुशीको सीमा रहन्नथ्यो ।

केटाकेटी हुर्कदै गएपछि खर्चपनी बढेर गयो । रोगी आमाको उपचार र केटाकेटीको राम्रो पढाइका लागि पुष्पलताका श्रीमानले वैदेशिक रोजगारीको बाटो रोजे । आमनेपाली छोराहरू जस्तै उनी कटार पुगे । नेपाल छोडेको तीन महिनामात्र भएको थियो । घरको यादले उनको रातमा निद्रा हराम पार्दथ्यो । कामकै सिलसिलामा कारखानाको मेसिनमा परेर उनको ज्यान गयो । नेपालमा आफ्नो घरमा लास ल्याइपुऱ्याउन लगभग तीन महिना जति समय लाग्यो । आँशुमा डुबेको परिवारमा खुशीको कुनै सम्भावना थिएन ।

आज हुस्सुले छोपेको गाउँमा पुष्पलाताको मनमा पनि पुरानो यादको तुँवालोले छपक्कै छोपेको छ । गाउँमा स्वस्थानी पूजामा उनको सक्रियता घटेको छैन । उनमा अझै पनि भोलिको समृद्ध जीवनको चाहना स्वस्थानी माताले पूरा गरिदिने कुरामा विश्वास छ । अनि भरोसायुक्त भक्तिको भाव हृदयमा प्रकट हुन्छ । उनी प्रचुर सम्भावना बढ्दै गरेको छोराको अनुहारमा मज्जाले देखिछन । हरेक बिहानीहरूमा आशाको किरण उदाउने गर्दछ ।

*tulasikharel2015@gmail.com*